# वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७९

**(वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

**प्रस्तावनाः** वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रमहरुका लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वराहपोखरी गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९।०४।०१ बाट प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **३५,९३,०९,०००।००** (अक्षेरुपी पैतिस करोड त्रियानब्बे लाख नौ हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त वराहपोखरी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर पूँजिगत खर्चको र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछैन।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

**अनुसूची-१**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चितकोषबाट विनियोजन हुने रकम**

| क्र सं | शिर्षकको नाम | चालु खर्च रु | पूँजीगत खर्च रु | वित्तिय व्यवस्था रु | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | वराहपोखरी गाउँपालिका | ७३७४८०००।०० | ९५३२५०००।०० | ०।०० | १६९०७३०००।०० |
| २ | गाउँपालिका शिक्षा | १२६०००००।०० | ४०००००।०० | ०।०० | १३००००००।०० |
| ३ | गाउँपालिका स्वास्थ्य | ३४९६०००।०० | ५०४०००।०० | ०।०० | ४००००००।०० |
| ४ | गाउँपालिका कृषि तथा पशु | ४००००००।०० | ०।०० | ०।०० | ४००००००।०० |
| ५ | गाउँपालिका प्रकोप व्यवस्थापन कोष | १००००००।०० | ०।०० | ०।०० | १००००००।०० |
| ६ | संघिय सरकार सशर्त अनुदान | १३७७००००००।०० | १०३००००००।०० | ०।०० | १४८००००००।०० |
| ७ | संघिय सरकार समपुरक अनुदान | ०।०० | ८००००००।०० | ०।०० | ८००००००।०० |
| ८ | प्रदेश नं १ सशर्त अनुदान | १२३०००।०० | २११३०००।०० | ०।०० | २२३६०००।०० |
| ९ | प्रदेश नं १ समपुरक अनुदान | ०।०० | १००००००००।०० | ०।०० | १००००००००।०० |
| | **कूल जम्मा** | २३२६६७०००।०० | १२६६४२०००।०० | ०।०० | ३५९३०९०००।०० |

वराहपोखरी गाउँपालिकाको गाउँसभाबाट पारित यो विधेयक (संख्या १, जम्मा पृष्ठ संख्या २) नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २१ को उपदफा (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

.............................

**शालिकराम बन्जारा**

**गाउँसभा अध्यक्ष**

**मिति : २०७९।०३।१३**